# प्रेस विज्ञप्ती

नेपाल सरकार (मन्त्रि परिषदको) मिति २०६४/९/२२ को निर्णयअनुसार आ.व. २०६४/०६५ को लागि पुरक बजेट पेश गर्ने सम्बन्धमा देहायबमोजिम सैदान्तिक निर्णय गरिएको व्यहोरा सार्वजनिक जानकारीका लाीग यो विज्ञप्ती प्रकाशित गरिएको छ।

क) विनियोजन ऐन २०६४ ले व्यवस्था गरेको व्यय अनुमानको सम्बन्धित शिर्षकमा नेपाल आयल निगमलाई भारतीय आयल नियमको वक्यौता चुक्ता गर्ने प्रयोजनका लागि रु. ३ अर्व सम्म ऋण लगानी गर्न लाग्ने रकम थप गर्ने।

ख) २३ बुँदे राजनैतिक सहमति कार्यान्वयनकालागि लाग्ने खर्च र संविधान सभाको निर्वाचन निर्विध्न रुपमा सम्पन्न गर्न लाग्ने खर्च विनियोजन ऐन २०६४ को व्यय अनुमान र सोमा माथि प्रकरण (क) बमोजिम थप हुने रकम समेत जोड्दा कायम हुने कुल बजेटको परिधि ननाघने गरी जुनससकै निकाय वा शिर्षकका लागि विनियोजित जुनसुकै प्रकृतिको (चालु, पुँजीगत र साँवा व्याज भुक्तानी) बचत हुने वा रोक्का गरिने रकमबाट अर्थ मन्त्रालयले जतिसुकै रकम पनि रकमान्तर गर्न सक्ने।

ग) नेपाल आयल निगमलाई ऋण लगानी गर्न प्रस्ताव गरिएको रकमसम्म थप आन्तरिक ऋण उठाउन सक्ने गरी राष्ट्र ऋण उठाउने ऐन, २०६४ मा संशोधन गर्ने।

घ) राजश्वका दरहरु आवश्यकता अनुसार थपघट एवं परिचालन गर्न र चुहावट घटाइ थप राजश्व परिचालन गर्ने।

ङ) थप खर्चको लागि बैदेशिक सहायता परिचालन गरेर, करको दरमा समायोजन गरेर र थप आन्तरिक ऋण उठाउदा पनि नपुग भएमा प्रचलित कानुनले तोकेको हदसम्म अधिविकर्ष उठाउने।

अर्थ मन्त्रालय,
२४ पौष, २०६४

(श्रीराम पन्त)
सहसचिव एवं प्रवक्ता